# नेपाल राजपत्र

## भाग ४

**श्री ५ को सरकारद्वारा प्रकाशित**

**काठमाडौं, वैशाख १८ गते २०३५ साल**

श्री ५ को सरकार

### भूमिसुधार मन्त्रालयको

### सूचना

दाङ जिल्लाको मोहियानी हक र कूतसम्बन्धी समस्याहरू समाधान गर्ने र गाउँ ब्लकमा परेको जग्गामा बसोबास गरी चर्चि आएको घर जग्गा र दैवी प्रकोपबाट पीडीत जनतालाई बसोबास गराउने भनी ठहरभएको जग्गामा बसोबास गरी आएका व्यक्तिहरूलाई जग्गा दर्ता गर्न श्री ५ को सरकारले मिति २०३४।१२।२६ को निर्णयबमोजिम कानून तथा न्याय मन्त्री श्री होमबहादुर श्रेष्ठको अध्यक्षतामा देहायबमोजिम एक उच्चस्तरीय आयोग गठन गरेको छ ।

१. आयोगको गठन विधि :

(क) माननीय कानून तथा न्याय मन्त्री श्री होमबहादुर श्रेष्ठ– अध्यक्ष

(ख) सुदूर पश्चिमाञ्चल क्षेत्रीय अदालतका मा. अतिरिक्त न्यायाधीश श्री हिरण्यश्वरमान प्रधान– सदस्य

(ग) सभापति, जिल्ला पञ्चायत, दाङ– सदस्य

२. आयोगको इजलास र अवधि :

(क) आयोगको इजलास आवश्यकतानुसार दाङ जिल्लाको कुनै पनि ठाउँमा कायम गर्न सकिनेछ ।

(ख) आयोगले सम्बन्धित जिल्लामा गै कार्य प्रारम्भ गरेको मितिले ३ महीनाको कार्यावधि तोकेको छ ।

आज्ञाले–
नारायणविक्रम शाह
श्री ५ को सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ

मुद्रण विभाग, सिंहदरबार

22

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।